**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:18.05.2024**

## SSDMA -Awareness Camp

सिक्किम राज्य आपदा व्यवस्थापन प्राधिकरण, SSDMA ले जिल्ला आपदा व्यवस्थापन प्राधिकरण, DDMA सँगको समन्वयमा आउँदो मनसुनलाई ध्यानमा राख्दै, टिस्टा जलाशयका जोखिममा परेका उन्नाइस स्थानहरूका लागि जागरूकता शिविर तथा सहभागितामूलक ग्रामीण मूल्याङ्कन, PRA कार्यक्रम सञ्चालन गरिरहेको छ। PRA कार्यक्रम सञ्चालन गरेपछि SSDMA ले यी उन्नाइस स्थानका लागि बसाइँ सार्ने तयारको योजना बनाएको छ। PRA कार्यक्रमको पहिलो चरण 17 मे 2024 देखि 30 मे 2024 सम्म सञ्चालन हुनेछ। सर्वसाधारणलाई शिविरमा सहभागी भई आफ्नो क्षेत्रको बसाइँ सार्ने नक्सा तयार पार्नमा सहयोग गर्न अनुरोध गरिएको छ।

## DEO Mangan-Political Parties Meet

मङ्गन जिल्लाका निर्वाचन अधिकारी श्री हेमकुमार क्षेत्रीले आज उम्मेदवार, निर्वाचन अभिकर्ता र विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग बैठक गर्नुभयो। बैठकको प्रमुख उद्देश्य गणना प्रक्रियाको विस्तृत अवलोकन गर्नु, पारदर्शिता सुनिश्चित गर्नु, तयारीको समीक्षा गर्नु र गणना प्रक्रियासँग परिचित गराउनु रहेको थियो। निर्वाचन अधिकारीले मतगणना दिनको कार्यतालिका स्पष्ट पार्दै, बिहान साढे पाँच बजे स्ट्रङ रूम खोलिने र भीडभाड कम गर्न सबैलाई बिहान साढे चार बजेभित्र जिल्ला प्रशासन केन्द्रमा उपस्थित हुन अनुरोध गर्नुभयो। उहाँले दिएको जानकारीअनुसार, मे 27 मा फारम 18 बुझाएपछि दक्षता र सुरक्षाका लागि उम्मेदवार, अभिकर्ता र प्रतिनिधिलाई परिचयपत्र जारी गरिनेछ। उहाँले मतगणनाको दिन सबैलाई आफ्नो परिचयपत्र र फारम १८ को प्रतिलिपि बोक्न आग्रह गर्नुभयो। यस क्रममा, EVM, VVPAT सञ्चालन र ETPBS को स्क्यानिङ प्रक्रिया लगायत मतगणना टोलीको भूमिका र प्रक्रियाहरूबारे छलफल गरियो। साथै, निर्वाचन अधिकारीले सूचना तथा जनसम्पर्क विभागद्वारा PA प्रणालीमार्फत मतगणनाको दिन नियमित घोषणा गरिने अवगत गराउनुभयो।

## Rangpo-Inspection & Socking

पाकिमका जिल्लापाल श्री टाशी छोपेलको नेतृत्वमा रम्फू महकुमा अन्तर्गतका बाढी प्रभावित क्षेत्रहरूको विस्तृत निरीक्षण गर्ने र जायजा लिइने काम भएको छ। निरीक्षणको सुरुमा जिल्लापालले विभिन्न लाइन विभागसँग स्थितिको आकलन गर्नुभयो। त्यसपछि छन्तार रम्फूबाट सुरु गरेर सिक्किम डिस्टिलरीजमाथिको वैकल्पिक मार्गको नाली, साथै सडकमा थुप्रिएको फोहोरको निरीक्षण र जायजा लिइयो। थप निरीक्षण EPCS चर्च रम्फूमाथिको जीर्ण नालीहरूको गरिएको थियो। साथै, IBM क्षेत्र र गोली मैदानको पनि निरीक्षण गरियो। IBM बाट सिङ्तामतर्फ जाने राजमार्गका नालीहरू विभिन्न स्थानमा थुनिएको भेटियो र त्यो जतिसक्दो चाँडो सफा गर्न निर्देशन दिइएको छ। टोलीले सिङ्गतम अस्पतालमुनिको सडक र नालीको पनि निरीक्षण गर्‍यो र त्यो पनि तुरुन्तै पुननिर्माण गर्न निर्देशन दिइएको छ।

## PNG 100 Centenary Theme Run

पल्जर नामग्याल कन्या विद्यालय, PNG ले आज PNG 100 Centenary Theme Run का साथ एक वर्षे शताब्दी समारोह सुरु गरेको छ। आफ्नो स्थापनाको एक सय वर्ष पूरा भएकोमा, PNG ले विभिन्न गतिविधिहरू आयोजना गर्दै छ। दौडमा विद्यार्थीबाहेक PNG का पूर्व छात्र-छात्रा, पूर्व शिक्षक र PNG परिवारका शुभचिन्तकहरूको सहभागिता थियो। दौड प्यालेस गेटबाट सुरु भएर मिन्तोग्याङ, लोअर टीएनए गेट-यु टर्न भएर टिबेट रोड हुँदै स्टार हल यु-टर्न, एमजी मार्ग हुँदै PNG स्कुल परिसरमा समाप्त भएको थियो। दौडलाई युवराज पाल्देन गुर्मी नामग्यालले शुभारम्भ गराउनुभयो। प्रेस विज्ञप्तिमा जनाइएअनुसार, PNG विद्यालयको इतिहासलाई फर्केर हेर्दा, सिक्किमका तत्कालीन महामहिम टाशी नामग्यालले मिस मेरी हेपबर्न स्कटलाई आफ्ना छोरा युवराज पल्जर नामग्यालको सम्झनामा यो सम्मानित संस्थाको पहल गर्न अनुरोध गर्नुभएको थियो। त्यसकारण, ऐतिहासिक घटनाको तथ्यलाई सम्झना र स्वीकार गर्दै दरबार क्षेत्रलाई दौडका  लागि चयन गरिएको हो।

## Training programme

मनन केन्द्रको मिनी थिएटर भवनमा आजदेखि ‘हाम्रो मौलिकता, हाम्रो अस्तित्व’ भन्ने विषयमा पारम्परिक संस्कार र संस्कृतिसम्बन्धी तालिम सुरु भएको छ। सिक्किम अकादमीद्वारा आयोजित यो पाँचदिने तालिम कार्यक्रममा परम्परागत रूपमा मकै रोप्दा गाइने **रसाइया गीत**, धान रोप्दा गाइने **असरे गीत** अनि घाँस-दाउरा गर्दा गाइने **घासिया गीत**-को तालिम दिइनेछ। उद्घाटन कार्यक्रममा सांस्कृतिक मामिला तथा सम्पदा विभागका सचिव श्री बीके लामा उपस्थित हुनुहुन्थ्यो।